issue11_3.qxd 6/17/2005 5:28 PM Page 1




वर्ष ११ अंक ३ पुस-चैत २०६१

**सल्लाहकार:**
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी

**सम्पादन**
प्रेमकला नेम्बाङ्ग
प्रकाश काफ्ले

**आवरण तथा लेआउट:**
ग्राफिक वर्कशप
फोन नं. ४२४२०७२, बागबजार

**प्रकाशक**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०,
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्स: ४४१८२९६
इमेल: rrn@rrn .org .np
वेबसाइट: www.rrn .org .np

## यस अंकमा

२ **वर्तमान द्वन्द्व र बालबालिकाको भविष्य**
– शिवलाल शर्मा (सिंजाली)

३ **गिट्टी कुट्नेहरूको आफ्नै पीडा र व्यथा**
– भरत कुसुवार

४ **मानवअधिकार अनुगमनमा संयुक्त राष्ट्र संघको उपस्थिति**
– भानु पराजुली

७ **१८ वर्ष पछि धान बाली लगाइयो**
– बसन्त लक्ष्मी उदास

८ **दिपक नेपालीको कथा**
– भुवराज वस्नेत

१० **जग्गा सिंचाइले ल्यायो परिवर्तन**
– दुर्योधन अधिकारी

११ **समूह परिचालनमा ध्यान दिनुपर्ने कुराहरू**
– मनोहर दुत्पाऊ

१४ **खाने पानी तथा सरसफाई**
– लिलावती चौधरी

१५ **आरआरएनको विकास प्रयास र उत्साहित सल्यानी जनता**
– विश्वमणि खनाल

१८ **सहभागिता**
– लेखनाथ खरेल

१९ **आरआरएन गतिविधि**

issue11_3.qxd 6/17/2005 5:28 PM Page 2



# वर्तमान द्वन्द्व र बालबालिकाको भविष्य

**शिवलाल शर्मा** (**सिंजाली**)
सव-ओभरसियर, आरआरएन, दाङ

मानव एक चेतनशील र बौद्धिक प्राणी हो । विवेकशीलताकै कारण होला मानव भविष्यको लक्ष्यमा निर्दिष्ट हुन्छ । त्यसैगरी हरेक मानवका आ-आफ्नै सुन्दर सपना हुन्छन् । चाहे त्यो बालबालिका होस चाहे त्यो अभिभावक होस । हाम्रो जस्तो विकासोन्मुख देशमा सम्पूर्ण बालबालिकाले आफ्नो बालअधिकारको सदुपयोग गर्न पाउनु त परैजाओस दुई छाक खान र एकसरो कपडा लगाउन समेतबाट बञ्चित हुनुपरेको छ । स्वास्थ्य र शिक्षा त केवल सपना बनेको छ । भविष्यका कर्णधार बालबालिकाको वर्तमान अवस्था कालो औंसीको रात छ भने भविष्यको त के आशावादी हुने । हाम्रो मुलुकमा चलिरहेको आन्तरिक द्वन्द्वबाट परेको प्रतिकूल असरको शिकार बालबालिका बनेका छन् । दुईपक्षीय द्वन्द्वको बीचमा अनगिन्ती बालबालिकाले अनाहकमा ज्यान गुमाउनु परेको छ । राज्य, राजनीतिक दल र माओवादीले बुझ्न सकिरहेका छैनन् वर्तमानका बालबालिका भविष्यका कर्णधार हुन भनेर ।

वर्तमान समयमा हुने बन्द, हड्ताल, नाकाबन्दी र आन्दोलनका कारण अगन्य विद्यालय जाने बालबालिकाको जीवन अन्धकार भएको छ । के यसमा सबै थरी सचेत छन् ? किन सबैको निसानामा बालबालिका परेका होलान् ? किन यहाँ कोही चिन्तित देखिदैनन् भविष्यका कर्णधार प्रति ? यस्तो समय कालमा पनि उनीहरू के बन्न सक्छन् होलान् ? डाक्टर, इन्जिनियर, पाइलट, वकिल, न्यायाधिश, प्राध्यापक, पत्रकार, कवि, कलाकार अीद बन्ने सपना बोकेर हिड्न सक्छन् ? के साााच्चिनै पछिल्लो पीढीमा देश निर्माण सहायकको आवश्यकता देखिदैन होला त ? जसको विद्यालय परिसरमा गोला, बारुदले भरिएर युद्ध मैदानमा



**द्वन्द्व पीडित बालबालिकाको चौतर्फी विकासको लागि आरआरएनद्वारा स्कूल भर्ना सहयोग, दाङ**

परिणत भएको छ । सानो निहु अर्थात् व्यक्तिगत स्वार्थसिद्धका लागि एक वर्ष भरिमा पालैपालो गरी महिनामा २० दिन जति विद्यालय बन्द आव्हान गरिन्छ । यस्तो तरिकाले कसरी वर्तमानका बालबालिकाको भविष्यको सुन्दर सपना विपनामा परिणत हुन्छन् ? कापी, कलम, झोला लिने हातमा आज बन्दुक, गोला र बारुद आदि जस्ता बिस्फोटक पदार्थहरू बोकाइन्छ ।

बालबालिकाहरू बसमा यात्रा गर्दागर्दै बसभित्रै जल्दछन् । धारापूधेरामा खेल्दैगरेका बालबालिका बम ब्लास्टमा परी खेलौना सम्झेर खेलाउदै गर्दा कति अन्जान बालबालिका भष्म भएका छन् । विहान घरबाट स्कूल जाँदै गर्दा विद्युतीय धरापमा परि कति हराए भने कति विद्यार्थी छात्र छात्राहरू अपहरणमा परि जङ्गलको बाटोमा भोकै बेपत्ता परेका छन् । त्यसरीनै आँगनमा तोतेबोली बोल्दै कसको हो कुन्नी घरको होकी वनको हो गोली

issue11_3.qxd 6/17/2005 5:28 PM Page 3



लाग्दा आमा पनि भन्न पाएका छैनन् ।

कतिपय बालबालिकाहरू सडक छाप वा खातेमा परिणत भएका छन् । यसको कुनै लेखाजोखा छैन । राज्य र विद्रोही माओवादीले यस्को सही जवाफ दिन सक्छ ? यस्को निराकरण कस्ले र कसरी गर्ने यसबारेमा राजनीतिक दलहरूले सोचेका छन् ?

वर्तमानमा सबैभन्दा बढी द्वन्द्वबाट पीडित आजका बालबालिकाहरू भएका छन् । त्यसैले उक्त आन्तरिक द्वन्द्वको अन्त्य हुनु पर्छ । बालबालिकाहरू शान्ति क्षेत्र हुन् भन्ने नारा कसैले पनि बिर्सनु हुदैंन ।

यसको प्रतिकूल असरलेगर्दा आज देशका हरेक समाजका बालबालिकाहरूको भविष्य माथि कालो बादल मडारिएको छ र उनीहरूको भविष्य अन्धकारमय भएको छ । यसका साथै देशको राजनैतिक, सामाजिक, आर्थिक र जनशक्तिको वृद्धि विकासमा यो वर्तमान द्वन्द्व अवश्य नै तगारो बनिदिएको छ । यो अन्धकारमय रातबाट बिहानीको उज्यालो तर्फ लैजान देशका शासक वर्गहरूले गम्भीर विचार गर्नुपर्ने बेला आएको छ र यसलाई विवेकपूर्ण तरिकाले निराकरण गरेमा भविष्यका सुन्दर फूलको वृद्धि र विकास भई देशले कांचुली फेर्ने थियो ।

# गिट्टी कुट्नेहरुको आफ्नै पीडा र व्यथा

**भरत कुसुवार**, कार्यक्रम अधिकृत, मोरङ्ग

कोई त भने जहाजमा हरर
काई त भने पसिना तरर
हाम्रो नेपालमा ........

रूपलाल र फूलमाया मगर यही गीतलाई सम्झदै ८० वर्षको बुढ्यौली उमेरमा दिनभर डांस खोलाको बगरमा ढुङ्गा फुटाइरहेका हुन्छन् । उनीहरू पांचथर जिल्लाबाट २०३६ सालमा मोरङ झरेका हुन् । जिन्दगीको दौरानमा रूपलाल १३ वर्षदेखि अर्काकोमा हली बसे । अन्तमा कतै अन्य काम नपाएपछि ढुङ्गा कुट्न बाध्य भए । वनले आइज घरले जा भन्ने बेलामा जीवन देखि निराश हुदै उनीहरू भन्छन्, “आफ्नो सन्तान भएको भए कुनै बेलामा पानी सम्म त दिन्थे होलान तर के गर्ने आफ्नो भाग्य नै खोटो ।”

डांस खोलाको बगरमा डम्बर कुमारी र हर्क बहादुर तामाङको जोडी पनि गिट्टी कुटेर नै आफ्नो ६ जना परिवारको छाक गुजारा टार्दैछन् । बाँच्ने आधार अन्य नभेटेर नै उनीहरू सर्लाहीबाट यहांसम्म गिट्टी कुट्न आउन बाध्य भएका हुन् । दर्शन र डम्बर कुमारी चौधरीको २५ वर्ष जोडी पनि दिन भर गिट्टीनै कुट्ने काम गर्दछन् । उनीहरूसँगपनि साथमा एउटा छोरा छ । सर्लाहीकै अर्का रत्न जुनेली थापा पनि आफ्ना दुई सन्तानसँग डांसखोलाकै बगरमा गिट्टी कुट्ने काम गर्दछन् ।

वास्तवमा यी नामहरू त प्रतिनिधि नाम मात्र हुन मोरङ जिल्लाको डांस खोलाको बगरमा नै गिट्टी कुट्नेको संख्या ५२ घर परिवार छन् । यस्तैगरी मोरङ्ग जिल्लाभरि कति छन् त्यसको बारेमा मोरङ्गको कुनै पनि संघ संस्था वा अन्य सरकारी निकायबाट अनुसन्धान गरिएको छैन । यसै क्रममा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले ती पीडित परिवारको छोराछोरीले घण्टा पढ्न पाउने अवसर दिलाएको छ । सोही ठाउँमा हाल २ वटा कक्षामा ४० जना बालबालिका पढ्न पाएका छन् ।

आरआरएनको निर्माण कार्य अन्तर्गत ७ वटा चर्पी र सामूहिक रूपमा खानेपानी ट्युवेल समेत पाएकोमा उनीहरूले अन्धकारबाट उज्यालो बाटोतिर आएको महसुस गरेका छन् । यस्ता कार्यक्रम संस्थाको निरन्तर रहिरहोस भन्ने पीडित परिवारहरूले आशा गरेका छन् ।

लेख

# मानवअधिकार अनुगमनमा संयुक्त राष्ट्र संघको उपस्थिति

**भानु पराजुली**
संयोजक, आरआरएन, कास्की

**पृष्ठभूमि**

विश्वको जुन कुनामा रहेपनि राज्यका तर्फबाट मानव जातिको शोषण र अत्याचार हुन नपाओस् र उसको वैचारिक एवं जीवनको गरिमा, मर्यादा र स्वतन्त्रता माथि हस्तक्षेप नगरियोस् भन्ने विश्व जनीन मान्यता स्थापित गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको जन्म भएको हो । स्थापना कालमा अर्थात तत्कालिन अवस्थामा अतिवादी (सैन्यवादी, निरंकुशवादी एवं एकाधिकारवादी) जुनसुकै सत्ता माथि अंकुश लगाई प्रजातान्त्रिक राज्य व्यवस्था स्थापनामा जोड दिने र जातिभेद र उपनिवेशको जंजिरबाट उन्मुक्ति दिने जस्ता अहम जिम्मेवारी राष्ट्रसंघको काँधमा आएका थिए ।

**राष्ट्र संघको उद्देश्य**

आम नागरिकलाई जाति, भाषा, लिंग, धर्म आस्था र विचारका आधारमा भेदभाव गर्ने तथा यातना दिने जस्ता जुनसुकै काम बन्द गराउनु मानवअधिकारको उद्देश्य हो । महान् नाटककार हेनरिक इब्सनले भनेजस्तै सत्य र स्वातन्त्रताको आधार नै समाजको मूल स्तम्भ हो । तर स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन । आत्मानुशासन र कानूनी राज्यको मान्यता अनुसार काम गर्नु र जनतालाई शासनको निर्णायक शक्ति बनाउनु सत्य र स्वातन्त्र मानव जीवनका लागि सरल हुन्छ भन्ने सार्वभौमिक विश्वास हो । विगत ५६ वर्षमा यस दिशामा मनग्ये प्रगति भएकै छ । तर पनि अझै मानव स्वतन्त्रता र नैसर्गिक न्यायका लागि धेरै काम गर्न बाँकी नै छ । कुनैपनि राज्यमा कानूनको मर्यादा हुंदाहुंदै त्यसको सही पालना भएन भने मानवअधिकारको स्थितिमा समस्या पर्ने गर्दछ ।

**कानूनी राज्यको अवधारणा**

राम्रो कानूनको खराब रुपमा प्रयोग भइरहेमा मानवअधिकार हननका शृङ्खला प्रकट हुने गर्दछन् । अनाहकमा र बिनाकसुर मानिसले दण्ड भोग्नु नपरोस्, कानूनी राज्यको मूल्यांकन गर्दा त्यस मुलुकभित्रको शासनसत्ताको ढाँचा कस्तो छ, मौलिक अधिकार सुनिश्चित छ छैन, न्यायापालिका कति स्वातन्त्र छ र प्रशासनिक व्यवहारहरू कसरी सम्पादन हुन्छन्, त्यसले नै स्वातन्त्र, न्यायपूर्ण र खुला समाजको आधार खडा गर्छ । बोल्ने, लेख्ने, संगठित हुने, विरोध गर्ने स्वतन्त्रताले मात्र पुग्दैन । आर्थिक भेदभाव सामाजिक विकृतिले जन्माएका शोषणका अवशेषहरू समाप्त गर्नु मानवअधिकार र संरक्षणको आधार हो । आफ्नो बारेमा निर्णय लिन पाउने जनताको सार्वभौम अधिकार कुण्ठित गर्नु मानवअधिकारको विपरित काम हो । यस मामिलामा राज्यले आफूलाई सर्वाधिक चनाखो राख्नुपर्छ । विश्वको विविधताभित्र मानव जातिलाई एकैखाले स्वातन्त्रताको प्रत्याभूति दिनु विश्व मानवअधिकारको सार्वभौम कुरा हो । तर नेपालमा २०५२ साल फागुन १ देखि सुरुभएको जनयुद्धमा अहिलेसम्म झण्डै १२ हजार नेपालीले ज्यान गुमाइसकेका छन् । बेपत्ता पारिने मुलुकमा नेपाल दर्ज भइसकेको अवस्था छ । लाखौं आन्तरिक शरणार्थी बनेका छन् भने मुग्लान छिर्नेको संख्या कहाली लाग्दो बनेको छ ।

**राष्ट्रसंघको अनुगमनको स्वागत**

नेपाल र राष्ट्र संघीय मानवअधिकार उच्चायोगबीच मानवअधिकार उल्लंघनका घटनाहरू अनुगमन गर्न उच्चस्तरीय संरचना निर्माण गर्ने सहमतिको मानवअधिकार तथा

सामाजिक न्यायका क्षेत्रमा कार्यरत संस्थाहरूको सञ्जाल "शान्तिका लागि नागरिक समाजको सञ्जाल" कास्की, पोखरा स्वागत गर्दछ । यो उपस्थितिले आगामी दिनमा राज्य र गैर राज्य पक्षको जवाफदेहीता र जिम्मेवारीपना बढ्नुपर्ने कुरामा सञ्जाल माग राख्दछ । वर्तमान घातक द्वन्द्वको रुपान्तरण र शान्ति बहालीमा यो सहमतिले विशेष भूमिका निभाउन सक्ने कुरामा हामी सबै विश्वस्त छौं ।

**के हो आइटम नौ ?**

संघको मानव अधिकार उच्चायोगको बैठकमा दर्ता हुन लागेको एजेण्डा आइटम नौ अन्तर्गत 'नेमिङ एण्ड सेमिङ' को प्रस्ताव दर्ता नभएकाले नेपाल सबैभन्दा खराब मानवअधिकार अभिलेख भएका मुलुकको पंक्तिमा दर्ज हुनबाट यतिबेला बचेको छ । यसको प्रभावलाई पूर्वअन्दाज गरी संघ र नेपालबीच यो संयन्त्रको विकास गर्ने सहमति ज्यादै उपयुक्त रहेको छ । यद्यपि दण्डहीनता र मानवअधिकार हननका शृंखला जारी रहेमा आइटम नौ फेरि दर्ज नहोला भन्न सकिदैन । यसतर्फ द्वन्द्वरत पक्षहरूले विशेष रुपमा गम्भीर बन्नै पर्ने भएको छ । अनुगमनका लागि खटिएको टोलीलाई हरतरहले सहयोग पुराउनै पर्छ । यदि त्यसो नभएमा आइटम नौ प्रस्ताव दर्ता भएमा अन्तर्राष्ट्रिय रूपमा नेपाल बदनाम हुने र नाकाबन्दी लगायतका चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ ।

**मानवअधिकार प्रतिबद्धता र नेपाल**

२०६१ चैत १३ गते सुर्यबहादुर थापाको सरकारले सार्वजनिक गरेको मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनप्रतिको प्रतिबद्धता थापा सरकार लगायत र त्यसपछिका सरकारहरूले त्यति कार्यान्वयन र पालना नगरेका कारण नै नेपाल जेनेभाको मुख्य एजेण्डामा परेको हो ।

आतंकवादका विरोधी र अहिंसात्मक आन्दोलनका पक्षपातीहरू राज्य प्रशासनको नजरमा दोषी ठहरीनु र नजरबन्दमा पर्नु मानवीय कानून अनुसार मान्य विषय होइनन् । सशस्त्र द्वन्द्वको पराकाष्ठामा मानवअधिकार हनन् र ज्यादतिका शृंखलाकै क्रममा पछिल्लो संकटकालमा मानवअधिकार झन् संकटग्रस्त बनेको राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले सार्वजनिक गरिरहेको विषय हो । गैर सरकारी दातृ निकायहरूले सबै खाले सहायता रोक्ने जस्ता कुरा अल्पविकसित नेपाल जस्तो मुलुकका लागि फाइदा हुने कुरा होइनन् ।

त्यसैले राज्यले प्रजातन्त्र, मानवअधिकार र सुशासन जस्ता प्रतिबद्धताप्रति गम्भीर बन्ने काम गर्नुपर्ने बेला आएको छ भने विद्रोहीले उठाउँदै आएको अन्तर्राष्ट्रिय मध्यस्थताको कुरा पनि यो सहमतिले पूरा गरेका कारण द्वन्द्वको रूपान्तरण र शान्ति बहालीमा लाग्नै पर्ने अवसर र बाध्यता दुवै प्रदान गरेको नागरिक समाजले महसुस गरेको छ । गैर सरकारी संस्था तथा मानवअधिकार कर्मीहरूको लगनशीलताप्रति टिकाटिप्पणी गर्न त सजिलो होला तर तिनले नागरिकमा ल्याएको सचेतना भने अब कसैले रोकेर र थुनेर बन्देज गर्न नसक्ने कुरा यतिबेला सबैले महसुस गर्नु पर्दछ ।

जस्तोसुकै अवस्थामा पनि मानवअधिकारको मूल्य र मान्यता विश्वव्यापी, सर्वमान्य र सार्वभौम रहने तथ्य सबैले बुझ्नुपर्ने विषय हो । सरकारले मुलुकमा स्वतन्त्रता, प्रजातन्त्र र मानवअधिकारका विषयमा जाहेर गरेका प्रतिबद्धता र अन्तर्राष्ट्रिय संन्धि सम्झौतामा हस्ताक्षर गरिसकेको तथ्यलाई मध्यनजर गरी राष्ट्र संघको मानव अधिकार अनुगमन संयन्त्रको स्थापना र त्यसलाई प्रभावकारी रूपमा काम गर्न सहयोग भने राज्य र गैर राज्य पक्षले निर्वाध रूपमा प्रदान गर्नु पर्दछ । तबमात्र हामी नेपाली, हाम्रो नेपाल, हामी शान्तिकामी भन्ने कुरा पुष्टि हुनेछ । बि. सं २०६२ साल शुभ रहोस्, मानव अधिकारको न्यूनतम मूल्य र मान्यता स्थापित होस् र सशस्त्र द्वन्द्वको रूपान्तरणमा अहम भूमिका निभाउने काममा राष्ट्र संघको मानवअधिकार अनुगमन संयन्त्रलाई सबै क्षेत्रबाट सहयोग पुगोस् भन्ने कामना गरौं ।

**नेपालको विगतदेखि वर्तमान र विश्व परिवेश**

सशस्त्र युद्धको दशौं वर्षसम्म मुलुकले धेरै रगतको होली खेलिसकेको छ । डरमर्दो के भने

कतै विस्फोटन त, कतै धरापमा दिनानुदिन बालबालिकाको मृत्युको खबरहरूले भक्कानो फुट्छ । जोत्दै गरेका किसान, जागिरमा हिडेका कर्मचारी र कतै निहत्था जनताको अपहरण र हत्याका खबरले समाचारको मुख्य पृष्ठ ओगटिरहेका छन् । बालबालिकाहरू व्यविचारी बनि छाडेका बम, ग्रिनेड व्याग र धरापमा परी बालपनाको उपभोग गर्न नपाउँदै ज्यान गुमाउनु परिरहेको छ । दिनहुंजसो कतै सुरक्षा फौजको ज्यादति त कतै माओवादीको ज्यादतिका कारण मानव संवेदनहीनता गुमेको छ । आज शैक्षिक क्षेत्र तहसनहसको अवस्थामा छ, दुई थरी बन्दुकको चपेटामा ८५ प्रतिशत ग्रामीण क्षेत्रले घेरिएको नेपालमा सदरमुकाम बाहेक अन्यत्र सरकारको कुनै प्रकारको उपस्थिति देखिदैन ।

गाउँबाट विस्थापित हुनेको संख्या कहाली लाग्दो बनेको छ । गाउँमा बनिबुतोका लागि हलो जोत्ने निम्नवर्गका गरिब नै द्वन्द्वको सिकार बनेका छन् । गाउँ क्षेत्रका सरकारी र निजी विद्यालयहरू बन्द हुंदै गएका छन् । कतै शिक्षक त कतै विध्यार्थी एकातर्फ मारिएका छन् भने अर्कातिर अपहरण भएका घटनाहरू आम बनेका छन् । सुदुर पश्चिम, मध्यपश्चिम र पूर्वी जिल्लाहरूका ग्रामीण क्षेत्रका कतिपय स्कूलहरूमा विध्यार्थी र शिक्षकको नाता टुटेको छ । कि त स्कुलहरू सैन्य तालिमका अखडा बनेका छन् कि त खाली-खाली छन् । द्वन्द्वबाट आहत बनेका जनताको शान्तिप्रतिको असीमित चाहना मर्दै गएको अवस्थामा राष्ट्र संघको उपस्थितिले नागरिकले राहतको सास फेर्ने अनुमान गर्न सकिन्छ ।

बुझ्नुपर्ने हो माओवादीले पनि जसरी श्रीलंकामा राष्ट्रिय राजनीतिमा वैमनस्य भइरहंदा पनि लिट्टेले एकतर्फी युद्धविराम गरिरहेका छन् । कसका लागि हो यो राजनीति जब भोली यीनै जनता नरहेमा ? बाँचेका जनतामा उत्पन्न द्वेष, अविश्वास र चरम घृणा जाग्यो र विरुद्धमा लागे भने कसका लागि गर्ने भविश्यमा राजनीति ? आन्तरिक द्वन्द्व र गृहयुद्धले निरन्तरता पाएका मुलुक नर्क बन्छन् भन्ने प्रसस्तै उदाहरणहरू छन् ।

सुडानको इतिहासलाई हेर्ने हो भने त्यहाँ लगातार मच्चिएको आपसी झगडा र तनावले गृहयुद्धको बिजारोपण भयो र पन्ध्रलाख भन्दाबढी मानिस मरे, कयौं शरणार्थी बने र अन्ततोगत्वा धेरैपछि शासकहरूमा चेत पलायो । सन् १९८० को दशकमा एल साल्भाडोरमा भएको गृहयुद्धमा हजारौं मानिस मरे । होण्डुरससँग लडाई गरेर क्षतविक्षत बनेको दरिद्रतम मध्येको त्यो देशको सामाजिक आर्थिक अवस्था जर्जर बन्न पुग्यो । इथियोपियाको संयुक्त विद्रोही समूह इपिआरडिएफ र सोमालियाबीचको लडाईमा इथियोपिया त जीर्ण बन्यो नै सोमालिया पनि धराशाही हुन पुग्यो । ग्रीसको संस्कृतिबाट सुवोदित मानिने सुन्दर देश गृहयुद्धकै कारण लाखौं जनता मरे । आज पनि इथियोपिया अभाव, गरिबी, अस्थिरता र अशान्तिको पर्याय बनिरहेको छ । सोमालियामा मात्रै स्रोह लाख जनता भोकमरिले मरे । बाँच्नेहरू जुत्ता पोलेर र उसिनेर खान विवश बने । मानवताको त्यत्रोविधि उपहास सायदै कतै नभेटिएला । तुरुन्त शान्तिको बहाली नभए सगरमाथा र बुद्धको देश नेपाल सोमालिया र रुवाण्डाको नियति भोग्नु वाध्य हुन सक्छ

सियरालिओनमा पाँच वर्षमा दशहजार भन्दा बढी मानिस मरेपछि पहिलो प्राथमिकता भनेको शान्ति नै रहेछ भन्ने चेत खुल्यो । त्यहाँका शासकहरूमा, त्यस्तै रुवाण्डामा टुट्सी र हुटुको युद्धमा पाँचलाख मानिस मरे । चाहे पेरुको सशस्त्र द्वन्द्व होस् या टुपाक अमारु आन्दोलन रगत बगाएर सफलता पाइदैन भन्ने कुराका उदाहरण हुन । सामाजिक न्याय र आर्थिक समृद्धिका खातिर गरिने भनिएका सशस्त्र विद्रोहले कतै फलिफाप भएको भेटिदैन । उल्टो नागरिक शासन र नागरिक अधिकार नै कुण्ठित भएको भेटिन्छ । नेपाल पनि त्यही दिशातिर अग्रसर भइरहेको छ । विगत ३ वर्षे मानवअधिकारको अहम सवाल नागरिकको बाँच्न पाउने अधिकार समेत कुण्ठित बनेको अवस्था, दण्डहीनता, गैर न्यायिक हत्या र थुना एवं बेपत्ता जस्ता शृंखलाकाबीच नेपाल विश्व परिवेशमा लाजले मुण्टो झुकाउनु पर्ने बनेको सबैलाई ज्ञात भएको विषय हो । तर पनि विगतका सरकारहरू

issue11_3.qxd 6/17/2005 5:28 PM Page 7



युएनले मध्यस्तताको हात बढाउँदा पनि त्यो अवसर उपयोग गर्न हच्किए ।

**मुलुकको वास्तविकता**

आजका युवापीढीहरू लोकतान्त्रिक व्यवस्था चाहन्छन् । नागरिकहरू कुनै प्रकारको पनि अधिनायकत्व स्वीकार्य गर्न सक्दैनन् । २१ औं शताब्दी जनताको अधिकारमाथि हस्तक्षेप भएको सहन सक्दैन । जनताको सार्वभौमसत्ता, नागरिकका मौलिक हक र बहुदलीय प्रजातन्त्रको पक्षमा स्पष्ट प्रतिवद्धताका साथ नयाँ भविष्य निर्माणको बाटोमा प्रवेश गर्ने सपना आम नेपालीको छ । राजनीतिक पार्टीहरू मूलतः संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको बाटोबाट जनताको प्रभुसत्ता कायम गर्ने सपना पालेका छन् । तर यतिबेलाको परिवर्तित राजनीतिक परिवेशले ती सबै ओझेलमा परेका छन् ।

संयुक्त राष्ट्र संघको नेपाल उपस्थितिलाई शंका होइन अवसरमा बदल्नु अपरिहार्य भएको छ । यो अवस्थामा सं. रा. संघको उपस्थिति सहायक हुन सक्छ । यो उपस्थितिले मानव अधिकारको सम्मान र प्रजातान्त्रिक परिपाटीको संस्थागत विकासमा सबै समद्ध पक्षलाई सचेत बनाउने छ भन्ने कामना गर्न सकिन्छ ।

# १८ वर्ष पछि धान बाली लगाइयो

**बसन्त लक्ष्मी उदास**, जिल्ला संयोजक, आरआरएन, दाङ्ग

नेपाल ग्रामीण पुनर्निर्माण संस्था, दाङ्गद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम अन्तर्गत संचालित बिजौरी गाविस वार्ड नं. ५, हेमन्तपुरमा २०४ बिगाहा जग्गामा सिंचाइ गर्ने उद्देश्यले सिंचाई निर्माण योजना संचालन गरिएको थियो ।

उक्त योजनाबाट लाभान्वित घर संख्या १२९ रहेको छ भने जनसंख्या पुरुष ३१८ र महिला ३२३ गरी जम्मा ६४१ रहेको छ । उक्त ठाउँमा पहिला समुदायहरूले उनीहरूकै सकृयतामा सानो कुलो खनेर सिंचाई गरिरहेका थिए । तर त्यस कुलोलाई बाढीले बगाएर लगेपछि १८ वर्षसम्म जग्गा बाँझै रहेको थियो । आरआरएन, दाङ्गको सहयोग र समुदायको सकृय सहभागितामा १,५०० मिटर लामो पक्कि कुलो निर्माण भएपछि उक्त बाँझो जग्गामा यस वर्ष देखि पुन बाली लगाएका छन् । यति लामो समय देखि बाँझो रहेको जग्गामा धान तथा अन्य बाली लगाउन सफल भएका उपभोक्ता समूहका सदस्यहरू अत्यन्तै हर्षित छन् । आरआरएनको सहयोगमा योजनाले समुदायमा हरियाली र खुसी ल्याएर महत्वपूर्ण उपलब्धि भएको कुरा सिचाई निर्माण समितिका अध्यक्ष श्री अनोद देवकोटा बताउनु हुन्छ ।



**आरआरएन दाङको सहयोगमा विजौरी गाविस हेमान्तपुरमा निर्मित कूलो**

issue11_3.qxd 6/17/2005 5:28 PM Page 8



# दीपक नेपालीको कथा

**भवराज वस्नेत**

आरआरएन, संखुवासभा

कोशी अञ्चल संखुवासभा जिल्ला मत्स्यपोखरी गाविस वडा नं. ७ इभा देवीटार बस्ने माझी नेपाली र दुर्गा देवी नेपालीका जेठा छोराका रूपमा दीपक नेपाली मिति २०४७ सालमा जन्मिएका हुन् । उनका ११ वर्षिय भाइ गंगा बहादुर नेपाली पनि छन् । जब उनीहरूको पठन पाठन गर्ने समय हुँदै थियो त्यसैबखत उनकी आमा दुर्गादेवी नेपालीले उनका श्रीमान्लाई छाडेर अर्को पुरुषसँग विवाह गरेर गइन् । त्यसको केही समय पछिनै उनका बाबुले पनि अर्की आमा विवाह गरेर ती बालकहरूलाई त्यसै गाउँमा छाडेर अन्यत्र लागे । त्यसै बेलादेखि ती बालकहरू अनाथ र असहाय बने । अब उनीहरूको सामान्य लालन पालन उनका मामली हजुरबा रत्नबहादुर दर्जीबाट हुन थाल्यो । दीपकले मामलीमा बसेर काममा सहयोग गर्दै पठन पाठन गर्दै थिए । तर उनको मामली घरको आर्थिक अवस्था ज्यादै नाजुक भएको कारणले उनको पढाईको लागि किताब कापी किन्न र मन लागेको खानेकुरा खान खर्च गर्ने पैसा नपाउनाले उनमा आत्मग्लानी हुदै गयो । यसरी उनमा निरास आएको कारणले खासै उपलब्धि हासिल गर्न नसकि अध्ययनमा बाधाहरू उत्पन्न भई नै रह्यो ।

एकदिन उनी खाँदबारी नगरपालिका वडा नं १ बसोबास गर्ने एकजना व्यापारीको घरमा आई घरेलु कामदारका रूपमा बिहान बेलुका काम गर्दै दिउँसो नजिकैको श्री हिमालय मावि खाँदबारीमा पढ्ने शर्तमा काममा लागे । उनले मालिकको घरमा सहयोग गरेवापत् सामान्य कापी कलम पाएपनि आवश्यकताअनुसार पाएका थिएनन् । विद्यालय जानलाई २ घण्टा पैदल हिँड्नु पर्दथ्यो । तर पनि उनी विद्यालयमा भर्ना भएदेखिनै पढाईप्रति बढी नै चासो राख्दथे । त्यसैले विद्यालयमा हुने वार्षिक परिक्षामा क्रमशः कक्षा उतिर्ण गर्दै थिए । तर उनलाई साथीभाइले समय-समयमा भनेका मिथ्या बचन तथा बाबु आमाले गरेको कार्यको परिणाम आफूले भोग्नु परेकोमा अरुहरूको सामु धेरै नबोल्ने, लाज मान्ने कुनै काम गर्नुपरेमा डराउने प्रवृत्तिका मानसिक विचलनहरू आई निरीह जस्तै महसुस गर्दथे ।

जब यस जिल्लामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा संचालित असहाय बालबालिकाको लागि जीवन र जीविका कार्यक्रम अन्तर्गत उनी विद्यालय तथा नगरपालिकाको शिफारिशमा छात्रवृत्तिमा छनौट भए । यस कार्यक्रमबाट केही सहयोग पाएपछि उनको सफलताको ढोका विस्तारै खोल्न थाल्यो । आरआरएनबाट उनले कापी, कलम, स्कूल ड्रेस तथा शैक्षिक सामाग्रीहरू पाएपछि विगतमा भोगेका समस्याहरू हटेर गयो । साथीभाइका सामु विगतमा भन्दा केही मात्रामा भएपनि राहतको अनुभव गर्दै आफ्नो अध्ययनलाई निरन्तरता दिन लागे । यसरी आरआरएनका कर्मचारीको पटक पटकको परामर्श तथा हौसलाको परिणाम स्वरूप उनी विद्यालयमा फरक रूपमा प्रस्तुत हुने र साथी भाइसँग केही मात्रामा हेलमेल गर्न लागेकाले पनि विस्तारै उनमा पढ्ने उत्साह थपिदै आयो । उनले कक्षामा तथा घरमा समेत विशेष ध्यान दिएर पढ्ने तथा विद्यालयबाट दिइएका गृहकार्य पूर्णरूपले गर्न थाले ।

दीपक नेपाली निर्धक्कसँग यसो भन्छन् :

"आरआरएनका सरहरूले बेलाबेलामा पढ्नु पर्दछ, लाज तथा डर मान्नु हुदैन भनेर मलाई सल्लाह र सहयोग गर्नुभयो । ममा संकोच र डरहरू हट्यो र अहिले म नियमित विद्यालय आउछु । नजानेका कुराहरू सरहरूलाई सोध्ने गर्छु । ममा पढ्ने उत्साह र जाँगर आएको छ ।" विगतमा त्यतिसारै नबोल्ने डर तथा लाज मान्ने प्रकृतिको बालकमा सबै खाले संकोच तथा अप्ठ्याराहरूको समाधान भएको छ ।

२०६१ सालको कक्षा ५ को स्रोत केन्द्र स्तरीय परिक्षामा उनी कूल ७०० पूर्णाङ्कमा जम्मा ५५३ नम्बर (७९.५) ल्याई स्रोत केन्द्र प्रथम भई हाल उनी कक्षा ६ मा श्री हिमालय मावि खाँदबारीमा अध्ययन गर्दैछन् । यस बारेमा विद्यालयका प्र.अ. श्री जंग बहादुर प्रसाद ठाकुर भन्नुहुन्छ, "आरआरएनले दिपक नेपालीलाई छात्रवृत्ति सहयोग उपलब्ध गराएर एउटा मानवीय धर्म पूरा गरेको छ तर संस्थाले दिने सहयोग यस वर्ष नै समाप्त हुनेकुराका बारेमा भने वहाँ चिन्तित हुँदै भन्नुहुन्छ, एउटा अप्ठ्यारो अवस्थाको बालकलाई सहयोग गरेर यत्तिको सफलता पाएपनि भविष्यमा उनका मालिकले सहयोग गरेनन् भने दिपकको विद्यालय छाड्नुको कुनै विकल्प छैन् । त्यसैले कम्तीमा एसएलसीसम्म यस्ता होनाहार बालबालिकालाई सहयोग गरेमा संस्थाको एक सफल मानवीय कर्तव्य पूरा हुने थियो ।"

यसरी सफलता पाएपछि दिपक नेपाली फेरि भन्छन्, "मैले सफलता पाएपछि आफ्ना गुरुहरूका प्रिय बनेको छु साथै गुरुहरूबाट समेत स्याबासी र प्रशंसा पाएको छु । हिजो अस्तिसम्म छि छि दुर दुर गर्ने मेरा साथीभाइहरू पनि मेरो सफलता पछि असल मित्र बनेका छन्"

उनमा मालिकले पनि केही मात्रामा भएपनि सहयोग गर्ने आशा पलाएको छ । उनलाई सहयोग गर्ने आरआरएनका कर्मचारीको बेलाबेलाको सहयोग तथा सल्लाह र सुझावका कारण हाल उनी प्रसन्नमुद्राका साथ विद्यालय आई पढाइलाई सफलताका साथ अगाडि बढाई रहेका छन् । हाल उनी विद्यालयमा आरआरएनको सहयोगमा अध्ययन त गर्दैछन तरपनि अलिक बढि मात्रामा परिश्रम गर्नु पर्ने कक्षामा पुगेको बढी खर्च लाग्ने भएको हुनाले आफ्नो पढाईप्रति अलिक त्रसित हुदै यस संस्थाको सहयोग नपाएमा वा मालिकले पढाइमा लाग्ने खर्च नब्यहोर्ने भएमा के गरेर आफ्नो पढाईलाई निरन्तरता दिने भन्ने कुराले पिरोल्ने गरेको कुरा सुनाउँछन् । यद्यपि मालिकलाई सहयोग गर्दै र मालिकलाई खुसी बनाउदै जसरी भएपनि एसएलसी पास गरेरै छाड्ने उनको धोको छ ।

'दिपक नेपालीको बाँकी सपनाले सफलता पाओस शुभकामना'

## जानकारी

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले "आधारभूत कानूनी जानकारी पुस्तिका" तुरुन्तै प्रकाशित गर्दैछ ।**

यसमा निम्न विषयहरु समावेश गरिएका छन् ।

- महिलाको सम्पति सम्बन्धी अधिकार
- अपुताली समबन्धी कानूनी व्यवस्था
- विहेवारी
- सम्बन्ध विच्छेद
- लिखत सम्बन्धी व्यवहारिक ज्ञान
- जबरजस्ती करणी
- गर्भपतन
- लुटपिट
- कुटपिट
- बालबालिका सम्बन्धी कानूनी जानकारी
- जीउ मास्ने बेच्ने
- नागरिकता
- परिशिष्टहरु (निवेदन/तमसुकका ढाँचाहरु)

# सिंचाइले ल्यायो परिवर्तन

**दुर्योधन अधिकारी**,
सामाजिक परिचालन अधिकृत, आरआरएन, बाके



**आरआरएन र स्थानीय जनसमुदायद्वारा संयुक्त रूपमा निर्माण गरिएको कूलो, ओडारापुर, बाँके**

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) बाँकेले ग्रामीण सामुदायिक पूर्वाधार विकास तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत बाँकेका विभिन्न क्षेत्रमा काम गर्दै आइरहेको छ । बाँके जिल्लाको ४६ गाविसहरू मध्ये अत्यन्तै दुर्गम मानिएको गाविस ओडारापुर हो । उक्त गाविस वार्ड नं. २ का जनसमुदायको माग अनुसार करिब ४० घर परिवारको अन्दाजी ४० बिघा १० कट्ठा जग्गामा सिंचाई सुबिधा पुऱ्याउने अभिप्रायले यस संस्थाले पक्कि कुलो निर्माण गर्ने काम सम्पन्न गरेको छ । सो योजनामा कूल ३ लाख ७८ हजार ६ सय २५ रुपैयाँ ८२ पैसा लगानी गरिएको छ ।

स्थानीय स्तरका अति गरीब तथा पिछडिएका दलित समुदायको स्तर र अवस्थामा आसातित परिवर्तन ल्याउने उद्देश्यले गरिएको उक्त योजना क्षेत्रका उपभोक्ता समितिले आफ्नै सक्रियतामा मुहान देखि करिब ५०० मिटर सम्मको दुरीमा कूलो बनाई जमिन सिंचाइ गर्दै आएका थिए । आर्थिक स्तर अत्यन्तै कमजोर भएका स्थानीयबासीहरूको आफूसँग सीप र जाँगर बाहेक अन्य केही नभएको कुरा जेठी नाला सिंचाइ उपभोक्ता समितिका सदस्य राधादेबी नेपाली बताउँछिन् ।

आरआरएन, बाँकेले सतह सिंचाइको काम अन्तर्गत ११ सय मिटर लामो पक्की कूलो निर्माण कार्य सम्पन्न गरेको छ । उक्त कार्यबाट २८० जनसंख्या लाभान्वित भएका छन् । योजनामा समुदायको तर्फबाट १ लाख ६२ हजार ८ सय ८२ रुपैयां ६० पैसा र आरआरएनको तर्फबाट २ लाख १५ हजार ७ सय ४३ रुपैया २२ पैसा खर्च गरिएको छ । स्थानीयबासी उपभोक्ता समितिका सदस्य श्री बिर्ख बहादुर नेपालीका अनुसार पहिला १ बिघा जग्गामा सिंचाइ गर्न १ घण्टा लाग्थ्यो भने हाल आएर ३५ मिनटमा उक्त जमिन सिंचित हुन्छ । उपभोक्ता समितिका अधिकांश मानिसहरू दलित तथा उपेक्षित वर्ग छन् । उनीहरू आफ्नो पुर्खौली पेशा त्यागी अब बेमौसमी तरकारी खेती तथा चैते धान लगायत अन्य बाली लगाउने विचार व्यक्त गर्छन् । यसै सन्दर्भमा श्री बिर्ख बहादुर नेपाली भन्छन्, “कुनै पनि संघ संस्थाहरूले पाइलो नहालेको त्यस स्थानमा आरआरएनले यो काम गरेर ठूलो योगदान गरेको छ ।”

# समूह परिचालनमा ध्यान दिनुपर्ने कुराहरू

**मनोहर दुत्पाऊ,**
सामाजिक परिचालक, आरआरएन, संखुवासभा

**पृष्ठभूमि**

पुरानो बूढापाकाको भनाई अनुसार काठमाण्डौ शहरलाई मात्र नेपाल भन्ने गर्थे । काठमाण्डौ जानु पर्दा नेपाल जाने भन्ने चलन अझैपनि गाउँ-गाउँमा प्रचलित छ । नेपालको शहरी ठाउँहरूलाई मात्र हेर्ने हो भने हाम्रो देश पनि कहां गरिब छ र ? भन्ने हुन्छ । तर वास्तविक दृष्टिकोणले हेर्ने हो भने र विश्वको विकसित देशहरूसँग तुलना गर्ने हो भने हाम्रो देश नेपाल धेरै पछि परेको छ ।

नेपालको विकट पहाडी जिल्ला मध्ये संखुवासभा पनि एक हो । वैज्ञानिक तथा औद्योगिकीकरणको हिसाबले पिछडिए पनि प्राकृतिक स्रोत र सौन्दर्यता तथा धार्मिक स्थलहरूले भरिपूर्ण भएको जिल्ला भनेर संखुवासभालाई चिनिन्छ । संखुवासभाको ग्रामीण क्षेत्रहरू धूपू गाविस, मत्स्यपोखरी, दिदीङ, सितलपाटी र खाँदबारी नगरपालिकाको विभिन्न ठाउँहरू माल्टा, पांठा, पाङ्मा, सेकाहा र भोटेबास पर्न जान्छ । यिनै क्षेत्रहरूलाई मध्यनजर राख्दै आरआरएनद्वारा संचालित दिगो ग्रामीण जीविकोपार्जन कार्यक्रम अन्तर्गत शिक्षा, स्वास्थ्य, जीविकोपार्जन तथा ग्रामीण पूर्वाधार सुधार कार्यक्रमहरू परिलक्षित क्षेत्र पाङ्गमा, सेकाहा र भोटेबासमा संचालन भइरहेको छ । पाङ्गमा क्षेत्रमा राई जाति, सेकाहामा गुरुङ्ग जाति र भोटेबासमा शेर्पा जाति मात्र बसोबास गरेका छन् । वास्तवमै समान जनजाति मिलेर बसेको क्षेत्र पाङ्गमा, सेकाहा, र भोटेबास पर्न जान्छ । उक्त जनजातिहरू र महिलाहरूलाई एकीकृत गरि उनीहरूको जनचेतना अभिवृद्धि गर्न स्थानीय सीप, स्रोत र साधनलाई स्थानीय स्तरमै परिचालन गर्नेगरि सीप विकास गराउनुको साथै उनीहरूको शिक्षा र स्वास्थ्यमा सुधार गराई सामाजिक विकास तथा व्यक्तिगत जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्य अनुसार यस कार्यक्रमले गाउँ-गाउँमा आमा दिदी बहिनीहरूलाई भेला गरेर महिला समूह गठन गरि कार्यक्रम संचालन गर्दै आएको छ । उक्त कार्यक्रम गरिए पश्चात गाउँमा शिक्षा, स्वास्थ्य, जीविकोपार्जनमा निक्कै सुधार आएको अनुमान गरिएको छ । कुनैपनि काम गर्न शुरुमा त अप्ठ्यारो नै पर्छ अघि देखिनै आएको संस्कार, चालचलन, शिक्षा, स्वास्थ्य तथा सीपमा विकास ल्याउन सामाजिक परिचालकले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । गाउँमा माग्न पसे झै झोला बोकेर जनसमुदायमा भिज्न सक्यो भने मात्र सामाजिक परिचालक र जनसमुदाय दुवैलाई काम गर्न सजिलो हुनेरहेछ भन्ने मैले महसुस गरेको छु ।



**संस्थागत विकास तालिममा सहभागी महिलाहरू, आरआरएन, संखुवासभा**

**समुदायको विस्तृत खोज अध्ययन तथा अनुसन्धान**

सबैभन्दा पहिला त आफू जन्मिएको ठाउँ वा सो सरह कार्यक्रमको परिलक्षित क्षेत्रमा खटिएको ठाउँलाई सामाजिक परिचालकले संझिनु पर्छ र संझिएको हुन्छ । समुदायको अध्ययन गर्ने क्रममा गाउँका बुद्धिजीवी, समाजसेवी, शिक्षक आदिबाट मात्र हैन प्रत्येक घर घरमा पुगी घरका मूल

सदस्यसँग भेटघाट गरि सम्बन्ध विस्तार गर्ने, गाउँका ठूला ठालु, जान्ने बुझ्नेसँग मात्र गाउँको अध्ययन गरेमा पछि त्यस गाउँमा द्वन्द आइपर्न सक्छ । सञ्चालन गरिएका र गर्न लागिएका कार्यक्रमहरूको जानकारी गराउन संस्थाका सामाजिक परिचालकले परियोजना प्रमुखको सल्लाह लिई तथा संस्थाको नीति नियममा रहेर आफू स्पष्ट भएर मात्र समुदायलाई जानकारी गराउनु पर्छ ।

**संस्था तथा समुदायको सम्बन्ध**

संस्था भन्नाले परियोजना प्रमुख मात्र हैन त्यस क्षेत्रमा सामाजिक परिचालक नै संस्था हुन्छ । समुदायले संस्थाको तर्फबाट सामाजिक परिचालकलाई संझिनु पर्छ । समुदायका सदस्यहरूले संस्थाका प्रतिनिधि घर दैलोमा आउदाखेरी आफूलाई लागेका समस्या खुलस्त भन्नुपर्छ । समुदायले भनेको कुरा पनि सामाजिक परिचालकले मान्नु पर्छ र परिचालकले अऱ्हाएका काम पनि समुदायले गर्नुपर्छ तबमात्र गाउँमा सुधार हुन सक्छ । सामाजिक परिचालकलाई विकासे कार्यकर्ता पनि भनिन्छ । विकासे कार्यकर्ता समुदायमा आएर काम लगाउने हैन गाउँमा विकास ल्याउनु छ भने समुदायले विकासे कार्यकर्तालाई काम लगाउनु पर्छ । ताकि विकासे कार्यकर्ता किन हाम्रो गाउँमा आउदैछ ? किन उ समुदायसँग भिज्न खोज्छ ? समुदायको प्रत्येक घर दैलोमा किन प्रवेश गर्छ र गाउँमा किन खोज अनुसन्धान गर्छ र किन गाउँमै बस्छ आदि बारे खोजतलास समुदायले पनि गर्नुपर्छ अनिमात्र सामाजिक परिचालक र समुदाय नङ र मासु झै हुन्छ र गाउँको विकास सजिलै हुन सक्छ ।

**समुदायको विकासे घर**

समुदायमा विकास र चेतना ल्याउने, स्वास्थ्य-शिक्षा कार्यक्रम गर्ने भन्ने कुराको छलफल गर्नकोलागि र संस्थाका परिचालकको सम्बन्ध समुदायसँग नजिक बनाउनको लागि प्रमुख थलो नै मासिक बैठक हो । मासिक बैठकलाई समुदायले सामान्य मान्नु हुँदैन समुदायमा भएका समस्याहरूलाई पत्ता लगाई सो को समाधान गर्न मासिक बैठकले सहयोग गर्छ । त्यति मात्र हैन गाउँमा झै-झगडा, सानो तिनो मुद्दा-मामिला आदिको पनि समाधान गर्न यसले मद्दत गर्दछ र महिलाहरूले भोगेका दुःख कष्ट महिलाहरूलाई आई परेका अप्ठ्यारा समस्याहरू तथा महिलाहरूको पीरमर्का पनि यस बैठकले बुझ्ने गर्दछ । मासिक बैठकमा समूहका सम्पूर्ण सदस्यहरू भेला हुनु आवश्यक छ । त्यस दिन समस्याको प्रस्तावहरू जम्मा गर्ने, निर्णय, कामको बाँडफाँड गर्ने देखि लिएर बचत व्यवस्थापन पनि हुन्छ ।

**निर्णय प्रक्रिया तथा योजना छनौट**

समूहका सदस्यहरूले छलफलको माध्यमबाट निकालिएको ठोस निचोड नै निर्णय हो । निर्णयलाई सदस्यहरूले सामान्य मान्नु हुदैन । समूहका सम्पूर्ण सदस्यहरूको बहुमतबाट पारित भएको निर्णयलाई कुनै एक, दुई जना सदस्यहरूले बिरोध गरेर हुँदैन । बिरोध गर्ने सदस्यलाई समूहको निर्णय अनुसार कार्वाही पनि हुनसक्छ । निर्णय त्यो हो जुन गाउँको विकासको प्रमुख लहरा हो । गाउँमा धेरै नै समस्याहरू हुन सक्छ सोही समस्याहरूलाई मध्यनजर राख्दै समूहमा प्रस्तावको रूपमा आउँछन् । प्रस्तावहरू धेरै हुन सक्छ तर निर्णय थोरै मात्रामा हुन जान्छ जुन समूहको सकृयतामा भर पर्दछ । जुन गाउँको प्रमुख समस्या छ नगरी र नभई नहुने समस्या छ भने मात्र समस्याको निर्णय गर्नु पर्दछ । जुन समस्या शिक्षा स्वास्थ्य र पूर्वाधार सुधार जुनसुकै पनि हुन सक्छ । सोको निर्णय गर्दा सोही दिन समूहले के गर्न सक्छ ? समूह तत्पर हुन्छ या हुदैन ? समूहले गर्न सक्ने काम बाहेक अरु वैकल्पिक बाटोहरू के खोज्न सक्छ ? भन्ने कुरा राखी निर्णय गर्दा अति उत्तम हुन्छ ।

**विकासे स्रोत**

गाउँमा आइपरेका समस्याहरूको समाधान गर्न वा सरकारी तथा गैरसरकारी संस्थाहरूबाट योजना पार्ने प्रमुख स्रोत नै सामाजिक काम हो । जुन समूहमा नेतृत्व गर्ने शैली सबैमा हुन्छ र गर्छ । प्रत्येक महिना जुन समूहमा केही न केही गाउँको सामाजिक काम हुन्छ त्यो समूह स्वतः सकृय हुन्छ र त्यो समूहमा संस्थाबाट योजना पनि बढी पर्न सक्छ किनभने त्यो समूहले सम्पूर्ण काम गर्न आफै

तत्पर हुन्छ । सामाजिक काम भन्नाले गाउँमा भएका अप्ठ्यारा बाटो घाटोहरू बनाउने, धारा कुवाहरू बनाउने, श्रमदान गर्ने, वन नर्सरी बनाउने, वृक्षारोपण गर्ने, वन गोडमेल गर्ने यस्तै अन्य पर्न जान्छ । यसरी कुनै पनि सामाजिक काम गर्न लाग्दा सम्पूर्ण सदस्यहरूको एउटै मात्र नाइकेले नेतृत्व गर्नु सक्दैन । त्यसैले सामाजिक काम गर्ने दिनमा ७/७ जनाको समूह बनाई १/१ जना नेतृत्व गर्ने नाइके बनाएर काम गर्नु नै सर्वश्रेष्ठ हुन्छ र काम सफल हुन सक्छ साथै तोकिएको लक्ष्य सम्म प्रवेश गर्न सकिन्छ ।

**बचत व्यवस्थापन तथा ऋण परिचालन**

बचत व्यवस्थापन तथा ऋण परिचालन नै समूह तथा सदस्यहरूको आय-आर्जनको प्रमुख बाटो हो । प्रत्येक सदस्यले महिनामा एक पटक अनिवार्य बचत गर्नु पर्दछ । सो बचत सबै सदस्यले गर्छ या गरेको छैन सो को परिक्षण सोही समूहका कोषाध्यक्षले गर्नु पर्छ । यसरी कुनै सदस्यले १,२ महिना बचत गर्न आउन छाडेमा समूहले तुरुन्त जानकारी दिनुपर्छ । यसरी समूहले पनि जानकारी नदिएमा १,२ जनाबाट बढ्दै ४, ५ जना पुग्छ र त्यो समूह पछि गएर निस्कृय भै भताभुङ्ग र लथालिङ्ग हुन जान्छ । समूहले तोकिएको व्याज तथा भाकामा ऋण लाने सदस्यले अनिवार्य ऋण बुझाउनु पर्छ । यदि त्यो व्यक्तिले भाकामा बुझाएन भने अर्को व्यक्तिले पनि तिनै व्यक्तिको नक्कल पार्न थाल्छ र बचत भत्किन थाल्छ । ऋण दिंदा समूहका प्रमुख पदाधिकारीहरू अध्यक्ष, कोषाध्यक्ष र सचिवले ध्यान पुऱ्याउनु पर्छ । जुन सदस्यले निश्चित उद्देश्य लिएर समूहबाट ऋण लान खोज्छ सो व्यक्तिले समूहले तोकिएको दिनभित्रमा अध्यक्ष सामू निवेदन आउनु पर्छ । सम्पूर्ण बचत तिर्न समूहका पदाधिकारीको अधिकार हुन्छ । यसमा संस्थाका सामाजिक परिचालकको अधिकार हुँदैन । सामाजिक परिचालकले परिचालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउँछ । ऋण दिंदा समूहका निम्न आयस्रोत भएका सदस्यहरूलाई पहिला गणना गर्नु पर्छ र समूहका सबै सदस्यहरूलाई पालैपालो गरि समान रूपमा ऋण वितरण गर्नुपर्छ । समूहका सदस्यहरूले बैठकमा एक कामको उद्देश्य देखाई अर्को काममा प्रयोग गर्नु हुदैन । ऋण लाने सदस्यहरूले निश्चित उद्देश्य माथि लगानी गऱ्यो या गरेन सोको निरिक्षण गर्न बेला बेलामा समूहका प्रमुख पदाधिकारी र सामाजिक परिचालक पुग्नु पर्छ ।



**जागृति महिला समूहका महिलाहरू बैठकमा व्यस्त, तुम्लिङटार, संखुवासभा**

# खाने पानी तथा सरसफाई

**लिलावति चौधरी**
सब-ओभरसियर

यस पृथ्वीमा रहेका सम्पूर्ण सजीव वस्तु लगायत मानिसको जीवनयापनको लागि अति आवश्यक तरल पदार्थलाई पानी भनिन्छ। पानी २ भाग हाइड्रोजन र एक भाग अक्सिजनको समिश्रणबाट बनेको हुन्छ। मानिसलाई सास फेर्नको निम्ति हावाको जति महत्व हुन्छ, त्यति नै मानिसको जीवनलाई संचालन गर्नको लागि पानीको महत्व हुन्छ। हाम्रो दैनिक जीवनका विभिन्न क्रियाकलापहरू संचालन गर्न जस्तैः व्यक्तिगत सरसफाइ, घरको सरसफाइ, खाना पकाउन, सिचाई गर्न, विद्युत उत्पादन गर्नकोलागि पानीको आवश्यकता पर्दछ। हाम्रो शरीर भित्र पानीको अभाव भएमा शरीरका कोषहरू सुक्दछन्। त्यसैले हाम्रो शरीरको आवश्यकतानुसार बराबर पानी पिउनु पर्दछ। तर पानी भन्दैमा जस्तो सुकै पानीको प्रयोग भने कदापी गर्नु हुदैन किनभने फोहर पानीमा विभिन्न प्रकारका रोगका किटाणुहरू तथा विषादी वस्तुहरू मिसिएर रहेका हुन्छन्। जुन पानीको सेवन गर्दा हैजा, पखाला, आउँ, म्यादी ज्वरो जस्ता रोगहरूले हाम्रो शरीरमा आक्रमण गरी ग्रस्त बनाउँदछन्।

आफ्नो वरिपरि रहेको घर, आँगन, टोलको वातावरण आफ्नो स्वास्थ्य लगायत सम्पूर्ण कुराको अवस्थामा विकृति आउन नदिनुलाई सरसफाइ भनिन्छ। मानिसको जीवनमा सरसफाइको पनि एकदमै महत्व रहेको छ। सरसफाइले रोगको बाटोमा तगारो हाल्ने काम गर्छ। हाम्रो जस्तो गरिबी अज्ञानता र अशिक्षाले गाँजेको देशमा यस्तो रोगहरूको बढी समस्या देखिएको छ।

**समस्याको कारण**

- जहाँपायो त्यहीको पानी पिउनाले।
- घर वरपरको वातावरण दूषित हुनाले।
- पानीको मुहान वा स्रोत नजिकै फोहर गर्नाले।
- पाल्तु जनावरहरू छाडा छोड्नाले।
- बाक्लो बस्ती वा जनसंख्याको कारण आदि।

सफा पानीको अभावले गर्दा हाम्रो देश लगायत



**स्वच्छ खानेपानी सबैको अधिकार**

संसारका धेरै मानिसहरूले विभिन्न रोगहरू जस्तैः झाडापखाला, जुका, चुर्ना पर्ने, आउँ, पेट काट्ने, लुतो, खटिरा, रुघाखोकी लाग्ने, ज्वरो आउने, निमोनिया, झाडापखाला आदिको सिकार भई ज्यान समेत गुमाइ सकेका छन्। त्यसैले रोगबाट टाढा रहनको लागि शरीर, लुगाफाटा, चर्पी, टोलछिमेक, पानी राख्ने भाँडा, धारा, भान्सा कोठा, सुत्ने बस्ने कोठाहरू, केटाकेटी खेल्ने दलान आदि नियमित रूपले सरसफाइ गर्नुपर्छ। गाईवस्तु, हाँस-कुखुरा, सुँगुर, बाखा पाठालाई छाडा छोड्नु हुँदैन। यस्ता रोगहरूबाट बच्ने सबैभन्दा राम्रो उपाय नै सरसफाइ हो।

यी माथिका रोगहरू लाग्न नदिन सबैभन्दा राम्रो उपाय भनेको नियमित रूपले शरीरको, घर वरपरको र टोल छिमेकको सरसफाइ परिवारका सबै सदस्यहरूले जिम्मेवारी ठानी गर्नुपर्छ। खानेपानी तथा सरसफाइको सन्दर्भलाई हेर्दा दाङ्गको देउखुरी क्षेत्रमा प्रसस्त मात्रामा पानीको स्रोतहरू छन्। विश्वकै जलस्रोतको दोस्रो धनी देश नै नेपाल हो। यहाँ लगभग ७ हजार नदी नालाहरू छन् तर गरिबीको कारणले व्यवस्थित तरिकाले उचित प्रयोग हुन सकिरहेको छैन। यी सम्पूर्ण समस्याको पहिचान गरि नेपाल ग्रामीण पुनर्निर्माण संस्था, दाङ्गले दाङ्गको देउखुरी क्षेत्रमा खानेपानीको लागि रिङ्ग-कुवा र ट्युवेल निर्माण कार्य सम्पन्न गरेको छ।

# आरआरएनको विकास प्रयास र उत्साहित सल्यानी जनता

**विश्वमणि खनाल**
आरआरएन, सल्यान

**सल्यान जिल्ला संक्षिप्त परिचय**

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने सल्यान जिल्ला १९,५१,७८५ हेक्टर क्षेत्रफलमा फैलिएको एउटा पहाडी जिल्ला हो । यो जिल्ला राजधानी काठमाडौंबाट करिव ५०० कि. मी. पश्चिममा रहेको छ । नामाकरणको सन्दर्भमा अनेक किंवदन्ती वा प्रसङ्गहरू जोडिने गरिए पनि ठोस रूपले एकिन हुन भने सकिरहेको छैन । बुढापाकाहरूको भनाई अनुसार तत्कालीन राजाले राज्य गर्दा सल्ले भन्ने स्थानको व्यक्तिलाई आफ्नो सहयोगीका रूपमा राखेका र पछि उसैको नामबाट सल्ले अपभ्रंश हुदै हुन गएको भन्ने भनाई प्रचलित छ भने अर्कोथरीहरू सल्लै सल्लाका सुन्दर पहाड र थुम्काहरूले ढाकिएको हुनाले सल्यान भएको तर्क राख्दछन् । ३२६ मिटर देखि २८२७ मिटरको उचाइमा रहेको सल्यान जिल्ला फलफूल, तरकारी, अदुवा र जडिबुटी दृष्टिले महत्वपूर्ण रूपमा रहेको छ । ११ वटा इलाका, २ निर्वाचन क्षेत्र र ४७ गाविस रहेको राप्ती अञ्चलको पश्चिमी भागमा अवस्थित सल्यान जिल्लाको सिमानाको रूपमा राप्ती अञ्चलका तीन जिल्ला दाङ्ग, रुकुम, रोल्पा र भेरी अञ्चलका चार जिल्ला-सुर्खेत, जाजरकोट, बाँके, बर्दिया रहेका छन् ।

राष्ट्रिय जनगणना वि. स. २०५८ अनुसार पुरुष १,०६,८३४ र महिला १,०६,६६६ गरि कूल २, १३, ५०० जनसंख्या, १.८ जनसंख्या वृद्धिदर र कूल साक्षरता ४२.९ रहेको यस जिल्लामा ब्राम्हण, क्षेत्रि, नेवार, मगर, ठकुरी, सन्यासी, दमै, कामी, बादी जस्ता जातिहरूको बसोबास रहेको छ भने यहांका मानिसहरूको मुख्य पेशा कृषि र पशुपालन रहेको पाइन्छ भने अधिकांश मानिसहरू रोजगारीको लागि भारत जाने गर्दछन् । प्राकृतिक स्रोत र सम्पदाको धनी यस जिल्लामा पर्यटकीय एवं धार्मिक तिर्थ स्थलहरू पनि प्रशस्त रहेका छन । पुराना राजाका दरबारहरू, ताल पोखरीहरू, विभिन्न गुफाहरू, रमणीय पहाडी श्रृंखलाहरू र सुन्दर बस्तीहरू नै यहाका प्रमुख पर्यटकीय स्थलहरूको रूपमा परिचित छन् । यी पर्यटकीय एवं धार्मिक स्थलहरूको प्रचार प्रसार गर्न सकिएको खण्डमा सल्यानको आन्तरिक विकासमा टेवा पुग्न सक्ने स्थानीयवासीहरू बताउँछन् ।

**आरआरएनको सल्यान जिल्ला प्रवेश र तत्कालीन अवस्था**

यस जिल्लामा आरआरएनले अगष्ट २००३ देखि १५ अक्टुवर २००४ सम्म ग्रामीण सामुदायिक पूर्वाधार विकास सहयोग कार्यक्रम संचालन गरेको थियो । त्यसपछि कार्यक्रमलाई निरन्तरता दिंदै १६ अक्टुवर २००४ देखि ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम संचालन गर्दै आएको छ । उक्त कार्यक्रम मार्फत सल्यान जिल्लामा पूर्वाधार विकास र सीपमूलक तालिमका कार्यक्रमहरू गर्दै आएको करिव दुई वर्ष पूरा गर्न थालेको छ । सरकारी तथा गैर सरकारी संघ संस्थाहरू केन्द्रिकृत र विस्थापित भैरहेको र सदरमुकाम बाहिर पूर्वाधार विकासका कामहरू ठप्प प्रायः भएको जनताहरूमा श्रमदान गर्ने बानी तथा आफ्नो काम आफैले गर्नुपर्छ भन्ने सोचको अभाव र नागरिक समाजबाट समग्र गैर संस्थाहरू प्रति अविश्वासको वातावरण सिर्जना भैरहेको बेला आरआरएन, सल्यान जिल्लामा प्रवेश गरी यी



आरआरएनको सहयोगमा निर्मित ग्रामीण सडक, सल्यान

आलोचना र आक्षेपहरूको खण्डन गर्दै चुनौतिपूर्ण अवस्थाबाट विकास प्रयासहरू शुरु गरेको थियो ।

**सल्यान जिल्लामा आरआरएनका प्रमुख कार्यहरू**

भौगोलिक विकट र द्वन्दबाट अति प्रभावित सल्यान जिल्लाको मध्य भाग खलंगाबाट विकासका कामहरू शुरु गरेको आरआरएनले हाल यस जिल्लाका आधा भन्दा बढी गाविसहरूमा खानेपानी, सिंचाई, विद्यालय र स्वास्थ्य चौकी भवन निर्माण, फर्निचर सहयोग, शौचालय, बाटो/कल्भर्ट, सोलार उर्जा, लघु जलविद्युत तथा अन्य सीपमूलक तालिमका कार्यक्रमहरू अगाडि बढाई रहेको छ । विशेष गरी गरीब एवं उपेक्षित दलित, जनजाति र पिछडिएका समुदायहरू, जहां अन्य निकायहरूको ध्यान पुग्न सकेको छैन, ती ठाउँहरूमा विभिन्न खालका साना तथा ठूला आयोजनाहरू संचालन गरिरहेको यस संस्थाले व्यापक जन परिचालन गरेर कम लगानीमा धेरै उपलब्धि हासील गर्दै यहांका मानिसहरूको जीविकोपार्जनमा टेवा पुगेको महसुस गर्न सकिन्छ ।

संस्था र समुदायले स्थानीय स्तरमा जुटाउन नसक्ने स्रोत-साधन र दक्ष ज्यामी ज्याला उपलब्ध गराई आफ्नै नियमित निरीक्षण र अनुगमनमा योजनाहरू गरिरहेको छ । गरीब समुदायहरूका आर्थिक तथा सामाजिक मूल्य मान्यता र हैसियतहरूलाई ख्याल गरी योजना छनौट तथा कार्यान्वयन गर्ने, नियमित र सर्वसुलभ अनुगमन गर्ने तथा योजना सम्पन्न भैसकेपछि योजना स्थलमै सार्वजनिक लेखापरीक्षण गरी योजना हस्तान्तरण गर्ने संस्थाको नीति नै उदाहरणीय एवं प्रशंसनीय रहेको उपभोक्ताहरू बताउछन् ।

आर्थिक वर्ष २०६०/६१ को चैत्र मसान्त सम्ममा आयोजना संचालनका लागि झण्डै १ हजार संख्यामा माग आएकोमा विनियोजित बजेटका कारण जम्मा ६५ वटा आयोजना, जसमध्ये खानेपानी २३ वटा, स्वास्थ्य चौकी भवन निर्माण १ वटा, विद्यालय भवन निर्माण १९ वटा, फर्निचर सहयोग २ वटा, बाटो ३ वटा (२५ कि.मि.), कल्भर्ट ३ वटा, लघु जलविद्युत ४ वटा, सोलार उर्जा १ वटा (२५ घर) सम्पन्न गर्ने लक्ष्य लिएकोमा ५१ वटा सम्पन्न भैसकेका र १४ वटा निर्माणाधिन अवस्थामा रहेका छन् । कूल अनुमानित लागत ३,४१, ३९,०८९ रहेकोमा आरआरएनको अनुदान १,७८,०२,०९५ रहेको छ ।

संचालित आयोजनाहरूबाट कूल १२,५६४ घरधुरीका ६२,८२० जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । जस मध्ये ५० प्रतिशत ब्राम्हण-क्षेत्री र नेवार, २५ प्रतिशत दलित र २५ प्रतिशत जनजातिहरू पर्दछन् । विकास निर्माण

issue11_3.qxd 6/17/2005 5:28 PM Page 17



कामका अलावा हाउसवायरीङ्ग, रेडियो टि. भि. मर्मत, अटोमोवाइल, ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, कृषि उद्यम विकास, खानेपानी तथा सिंचाई व्यवस्थापन तथा मर्मत जस्ता तालिमहरूले दलित र विपन्न वर्गका समुदायलाई समेटेको छ । त्यस्तै गरी २०६० जेठ १३ र १४ गते थारमारे गाविसको श्री जनकल्याण उच्च माविमा संचालन गरिएको विशेषज्ञ स्वास्थ्य शिविरमा २,८८५ जना बिरामीहरूलाई निःशुल्क स्वास्थ्य उपचार तथा औषधी वितरण गरिएको थियो भने उक्त स्वास्थ्य शिविरमा उपचार गर्न सम्भव नभएका ४ जना बिरामीहरूलाई (खोंडे, तालु फाटेका) काठमाण्डौंमा पठाएर आरआरएनले निःशुल्क उपचार गरेको थियो ।

आरआरएन, सल्यान जिल्लामा अन्य संघ संस्था वा निकायहरूले आयोजना गर्ने सामाजिक सेवाहरूमा पनि अछुतो रहेको छैन । श्री ५ को सरकार क्षेत्रिय स्वास्थ्य निर्देशनालय सुर्खेतद्वारा सल्यान अस्पतालमा २०६० फाल्गुण ८:१२ मा आयोजित विशेषज्ञ स्वास्थ्य शिविरमा आरआरएनले उल्लेखनीय योगदान पुऱ्याएको थियो । उक्त स्वास्थ्य शिविरमा खटिएका ३० जना स्वयं सेवकहरूलाई आरआरएनले तीन दिन सम्म खाना तथा खाजाको व्यवस्था गरेको थियो भने स्वयं संस्थाको कर्मचारीहरूले समेत शिविरलाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गरेका थिए ।

**उपभोक्ताहरूको प्रतिक्रिया**

ओखेनीगैरा खानेपानी योजना, धनवाङ्ग - ८, गांडापानीका श्री रामलाल विकको भनाई यसप्रकार छ ।

"बिहान बेलुकी खाना खान समेत मुस्किल पर्ने हाम्रो जस्तो अत्यन्त गरिब दलितहरूको बस्ती रहेको ठाउँमा आरआरएनले योजना दिएर हाम्रो ठूलो कल्याण गरेको छ ।  कीरा पन्छाएर पानी खानुपर्ने बाध्यता  र दिनहुँ जस्तै हुने झाडापखाला र आउँ जस्ता रोगहरूबाट अब हाम्रो समुदाय बच्ने आशा हामीले गरेका छौ । घर छेउमै सफा र स्वास्थ पानी खान पाउँदा हामी अत्यन्त खुसी भएका छौ । सरल र सहज निर्माण प्रकृया, मिलनसार कर्मचारी र आर्थिक पारदर्शिता संस्थाका राम्रा विशेषता रहेछन् ।"

सापमारा खा.पा. योजना, कजेरी(८ सापमाराकी श्री दिल कुमारी बुढाथोकी भन्नुहुन्छ ।

"पानीको समस्याको कारणले दिनहुं जस्तै धारा पधेंराहरूमा हुने झगडा र त्यही कारणले समाजमा एक आपसमा बोलचाल बन्दको स्थिति आउनुको साथै फोहर पानी खानु पर्ने बाध्यता थियो । अब आरआरएनले यस्तो समस्याबाट मुक्ति दिलाई दिएको छ । हाम्रो जस्तो विकट ठाउँमा आएर संस्थाले सहयोग गरेकोमा हामी संस्था प्रति अत्यन्त आभारी छौं ।"

जिनावाङ्ग कृषि सडक, कोटमौला- ८, सल्यानका श्री भुम प्रसाद सर्माको भनाई यस प्रकार छ ।

"विगत धेरै वर्ष देखिको सपनाको रूपमा रहेको हाम्रो यो बाटोलाई आरआरएनले पूरा गरिदिएको छ । अब यस क्षेत्रका दमाचौर, कोटमौला र छिमेकी रोल्पा जिल्लाका जिनावाङ्ग, ओत, पाखापानी जस्ता गाविसका जनताहरूले यहां उत्पादित स्याउ, सुन्तला जस्ता फलफूलहरू, नगदेबालीको रूपमा रहेको अदुवा, आलु तथा अन्य तरकारी बाली सजिलै बजार सम्म पुऱ्याई उचित मूल्य प्राप्त गर्न सक्ने अवस्था सृजना भएको छ र मानिसहरूको आवतजावतमा समेत धेरै सजिलो भएको छ ।"

खड्गदेवी प्रा.वि. भवन निर्माण योजना, खलंगा-७, श्री सरिता महर्जन भन्नुहुन्छ ।

"सामाग्री दिएर दुरुपयोग नहुने तरिकाले काम गर्ने, संस्थाको श्रमदानको नीति, योजनालाई दीर्घजीवी बनाउने प्रयास, नियमित र सर्भसुलभ अनुगमन जस्ता कुराहरू संस्थाका असाध्यै राम्रा पक्षको रूपमा मैले पाए । खलंगा बजारमा अत्यन्त जिर्णरूपमा रहेको र विद्यार्थी तथा शिक्षककै खतराको रूपमा रहेको हाम्रो विद्यालय बनाइदिएर संस्थाले ठूलो सहयोग गरेको छ । संस्थाको निरन्तर प्रगतिको कामना गर्दछु ।"

# सहभागिता

**लेखनाथ खरेल**

परियोजना संयोजक, आरआरएन, संखुवासभा

कुनैपनि समस्या पहिचान (सुरुवात) गर्ने देखि त्यसको दिगो समाधान (अन्त) कसरी हुन सक्छ भन्ने विषयमा जागरुक भै निर्णय गरि कार्यान्वयनमा लाग्नुलाई पूर्ण सहभागिता भनिन्छ ।

**सहभागिताको महत्वः**

- जिम्मेवारीको बोध हुन्छ ।
- आवश्यकताको लागि सहि पहिचान हुन्छ ।
- आफ्नो विचार मन्थन हुन्छ ।
- आफ्नो श्रमको प्रयोग हुन्छ ।
- आफ्नो सामाग्रीको प्रयोग हुन्छ ।
- थोरै साधनबाट धेरै फाइदा हुन्छ ।

**सहभागिताको स्तरः**

१ संलग्नता (Involvement)

परियोजनाका कर्मचारीले लक्षित, स्थानीय जनतालाई भेट्छन् र छलफल गर्छन् ।

- उपस्थितिको सहभागिता

२. परामर्श (Consulation)

परियोजनाका कर्मचारीले लक्षित, स्थानीय जनतालाई भेट्छन् र छलफल गर्छन् । लक्षित समूह, जनताबाट विचार प्रस्तुत हुन्छ ।

- विचारको सहभागिता

तर विचारको सहभागितामा पनि दुईवटा अवस्था हुन्छन् ।

उनीहरूले विचार मूल्यवान रूपमा लिइन्छ र कार्यक्रममा त्यसलाई समावेश गरिन्छ ।

३. निर्णय (Decision making)

लक्षित समूह वा स्थानीय जनता निर्णय प्रकृयामा संलग्न हुन्छन् ।

जस्तै : के के कार्यक्रम गर्ने के के समाग्री र सहयोग आवश्यक छ, अर्को बैठक कहिले बस्ने, समूहकोषबाट कस्ले ऋण लिने आदि ।

४ कार्य (Action)

लक्षित समूह, स्थानीय जनताले नै कामको जिम्मेवारी लिन्छन् । यो आत्मविश्वासको निर्माणबाट सम्भव हुन्छ ।

- जिम्मेवारी तहको सहभागिता

समूह भित्र व्यक्तिगत कृयाकलापहरूको स्तर (सहभागिता) निम्न अनुसार हुने गर्छन ।

- दर्शक
- नेता
- सहभागी
- योगदानकर्ता
- आलोचक

issue11_3.qxd 6/17/2005 5:29 PM Page 19



## चार सय सत्ताइस सडक बालबालिका स्कूल जान थाले

अनौपचारिक कक्षा नौ महिनाको अध्ययन पछि मोरङ्ग जिल्लामा ४२७ जना सडक बालबालिकाहरू विद्यालय जान थालेका छन् । सडक बालबालिकाहरू जेखिम सहन बाध्य ती बालबालिकाहरूलाई नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) क्षेत्रीय कार्यालय बिराटनगरको पहलमा स्कूल भर्ना गरिएको हो । १० देखि १४ वर्ष उमेरका ती बालबालिकाहरू घरेलु नोकर, बालभरिया, खाते र गलैंचामा काम गर्दै आएका थिए । मोरङ्ग जिल्लाको विभिन्न गाविसहरूमा संचालन भएको नौ महिने किशोरी शिक्षा र बालश्रमिक बाल साक्षरता कक्षामा पढेर आ-आफ्नो नजिकको पायक पर्ने विद्यालमा कक्षा १ देखि ७ सम्म जम्मा ४२७ जना बालबालिका विद्यालय जान थालेका छन् ।

संस्थाले विगत दुई वर्ष देखि गरेको आधारभूत सर्वेक्षण तथ्याङ्कले हाल सम्म १,९८६ जना यस्ता बालबालिकाहरू फेला पारेको छ । जसमध्ये ४२७ जना विद्यालय भर्ना भएका छन् भने ३१५ जना साक्षर बनाई साधारण लेखपढ र आफ्नो व्यवहारमा परि आउने समस्यासँग जुध्न सक्ने बनाएको छ । हाल संचालन भैइरहेको बालश्रमिक बाल साक्षरता नौ महिने कक्षामा ५०० जना बालश्रमिक बालबालिकाहरू अध्ययनरत छन् । अधिकांश बालबालिकाहरूलाई नौ महिने कक्षा समापन पश्चात विद्यालय भर्ना गराउने संस्थाको लक्ष रहेको छ । तसर्थ यस्ता कार्यक्रमले संस्थाको चारपत्रे अवधारणा मध्ये शिक्षालाई सहयोग गर्ने समेत मार्ग दर्शनको रूपमा लिएको छ ।

## आरआरएनको सहयोगमा तरकारी खेती

आरएनबाट तालिम प्राप्त पछि सुनसरी जिल्लाको बबिया गाविसका गरिब परिवारका २५ परिवारले अहिले राम्रो आम्दानी गर्न थालेका छन् । उनीहरूलाई डेढ वर्ष अघिसम्म के खाउँ र के लाउँ भन्ने समस्याबाट पीडित थिए । उक्त गाविस वडा नं ६ का बिन्देश्वर खत्वे अहिले मासिक ९-१० हजार आम्दानी गर्छन् । उनले कक्षा ३ सम्म मात्र अध्ययन गरेका छन् । खत्वेले आरआरएनबाट तरकारी खेती लगाउने बारेको तालिम लिएपछि आफ्नो तीन कट्ठा जग्गामा तरकारी खेती लगाएर त्यसैबाट उनले यतिधेरै आम्दानी गर्न सकेका हुन् । पहिला आफ्नो आम्दानी केही थिएन । दशजनाको परिवार, दिनभरि काम गऱ्यो, कमायो, ल्यायो खायो । काम नपाएको दिन भोकै सुत्नुपर्ने अवस्था थियो । त्यसैबेला साथीहरूबाट आरआरएनले तरकारी खेती गर्ने नि:शुल्क तालिम दिन्छ भन्ने कुरा थाहा पाए र तालिम लिए । त्यही तालिममा सिकेको ज्ञानलाई व्यवहारमा उतार्न आफूसँग भएको तीन कट्ठा जग्गामा तरकारी खेती सुरु गरें ।



आरआरएनको सहयोगमा तरकारी खेती

## हर्षित मुद्रामा बिन्देश्वर यसरी खुसी व्यक्त गर्छन्

"पालैपालो तरकारी खेती गर्दा जग्गा पनि खाली नहुने आम्दानी पनि हुने । महिनाको आठदेखि दशहजार सम्म आम्दानी बस्छ । १० जनाको परिवार राम्रैसँग पाल्न पुगेको छ । के खाऊ र के

लाऊ भन्ने अवस्थामा यस संस्थाले मलाई जन्म-जन्मको गुण लाएको छ ।" थोरै एकदुई कट्ठा जमिन हुने खत्वेजस्ता गरिब परिवारका लागि तरकारी खेती बरदान नै सावित भएका छ ।

## जोखिममा परेका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान

गत माघ १० गते मोरङ्ग जिल्लाको विभिन्न १८ विद्यालयहरूमा जोखिममा परेका जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो । सो छात्रवृत्ति पाउनेहरूमा पथरीका दुर्गा निमावि, सामाजिक प्रावि, पंचायत उच्च मावि रहेका छन् भने शनिश्चरे गाविसका हिरक निमावि, बुद्ध मावि, भगीरथ मावि, बाल कल्याण निमावि, सिंहबाहिनी मावि, मृगौलिया गाविसका जनता प्रावि, पंचायत मावि, देरता प्रावि, डांगीहाट गाविसका लक्ष्मी उच्च मावि, महेन्द्र निमावि उर्लाबारीको सनपकुवा मावि, मधुमल्लाका देवकोटा निमावि, मनोहर जनता उच्च मावि र हशन्दह गाविसको जनता प्रावि का गरि जम्मा महिला ८६ र पुरुष ३३ जना गरि जम्मा ११९ जना बालबालिक( ाहरूलाई जनही एक दर्जन कपी, एक दर्जन डटपेन, स्कूल व्याग, ज्यामिति बक्स, दुई जोर स्कूल पोशाक, एक जोर चप्पल र कपडा सिलाउने ज्याला समेत गरि जनही १८०० बराबरको सामाग्री वितरण गरिएको थियो ।

उक्त वितरण समारोहमा छात्रवृत्ति पाउने बालबालिका र निजको अभिभावक र सम्बन्धित विद्यालयका शिक्षकहरूले खुसी व्यक्त गरेका थिए । सोहीक्रममा संस्थाका कार्यक्रम अधिकृत श्री भरत कुसुवारले कार्यक्रमको उद्देश्य, संस्थको परिचय बारेमा प्रष्ट पार्नु भएको थियो ।

## चेतना दैवीप्रकोप समूह झरकट्टी

आरआरएन, बाँकेले दैवीप्रकोप तथा पूर्व तयारी व्यवस्थापन गर्ने अभिप्रायले जिल्लाको कोहलपुर गाविस वार्ड नं. ८ मा स्थानीय बासिन्दाहरूको सक्रिय सहभागितामा ४ वटा समूह निर्माण गरी काम गर्ने गरेको छ । त्यहां बस्ने ६८ घर परिवार ऐलानी जग्गामा सुकुम्बासीको रूपमा बसोबास गर्दै आइरहेका छन् । ७५ प्रतिशत दलित र जनजातिको बाहुल्यता रहेको यस ठाउँमा धेरै जसो मानिसहरू जाजरकोट तथा सल्यानबाट बसाई सरेर आएका हुन । संस्थाले काम गर्न थाले पछि विभाजित समूहका व्यक्तिहरूलाई विभिन्न चरणमा फरक फरक विषयमा तालिम दिदै आएको छ ।

जाजरकोट, टाले गाउँ विकास समिति पजारुबाट बसाई सरी कोहलपुर- ३ झरकट्टीमा विगत केही वर्षदेखि बसोबास गर्दै आउने नर बहादुर चलाउनेको भनाइ यस प्रकार छ, "संस्थाले समूहका मानिसलाई ६ चोटी तालिम दियो र एकचोटी भ्रमणमा पनि लग्यो र यसले हामीलाई धेरै व्यवहारिक सीप तथा ज्ञान सिकाएको छ ।"

त्यस्तै समूहका अर्का महिला सदस्य शोभा विक भन्नुहुन्छ, "नजिकै बग्ने डुडुवा नालामा संस्थाले तट बन्धनका काम गरिदिएको छ । दैवीप्रकोप पूर्व तयारी तथा यसबाट हुने पीडा न्यूनीकरणका लागि विभिन्न उपायहरू सिकाएको छ । यसलाई हामीले समूह तथा व्यक्तिगत जीवनमा अत्यन्तै प्रभावकारी रूपमा लागू गरिरहेका छौं । संस्थाले नजिकको डुडुवा नालाले हामीलाई आज या भोलि बगाउने हो भन्ने अवस्थाबाट धेरै हदसम्म बचाएको छ ।"

समूहका अधिकांश व्यक्तिहरू कोहलपुर तथा नेपालगञ्ज शहरमा दैनिक ज्यालादारीमा काम गर्ने गर्छन् भने केही व्यक्तिहरू दाउरा बेचेर जीविका चलाउँछन् ।

## कालिका दैवीप्रकोप व्यवस्थापन समिति

शतप्रतिशत सुकुम्बासीहरूको बसोबास रहेको बाँके जिल्लाको कोहलपुर-१, कालिकानगरमा सुर्खेत, दैलेख तथा जाजरकोटबाट बसाई सरी २० प्रतिशत दलित, ५० प्रतिशत क्षेत्री/बाहुन तथा ३० प्रतिशत अन्य जनजाति रहेकाछन् । करीब ३०० घरपरिवार रहेको सो स्थानमा आरआरएनले ६ वटा उप-समिति र एउटा मूल समिति बनाएको छ। यस संस्थाले समूहमा छानिएका सहभागीहरूलाई विभिन्न चरण गरी ५ चरणमा फरक-फरक विषयमा दैवीप्रकोप व्यवस्थापन तथा पीडा न्यूनिकरण सम्बन्धी तालिम दिएको छ ।

समूह सदस्यहरू भन्छन्, "यसबाट सिकेका कुराहरू प्रभावकारी रूपले व्यवहारमा लागू गरिरहेका छौं । हामीले मानवीय क्षतिलाई कसरी कम गर्ने भन्ने कुरा सिक्यौं भने दैवीप्रकोपबाट कसरी पूर्व तयारीमा सजक भएर बस्ने भन्ने बारेमा स्पष्ट भयौ ।"

समूहले आरआरएनकै सहयोगमा नमूना नर्सरी पनि स्थापना गरेको छ । नर्सरीमा बाँस, पिपल, सिरिस, मेल लगायतका वीउहरू राखिएको छ ।

मूल समितिका अध्यक्ष नर बहादुर मल्ल भन्छन्, "संस्थाले निकै ठूलो र सह्रानीय काम गरेको छ र यसले सिकाएको काम र सीपको त बयान गरेर सकिदैन, यति छोटो समयको यो हाम्रो उपलब्धिलाई महत्वपूर्ण नमूना मान्नै पर्छ । बग्न लागेको गाउँलाई तटबन्धनको काम गरेर गाउँलाई नै जोगाउने काम गरेको छ ।"

उनी फेरि थप्छन्, "हामी अब चांडै नै यस समूहलाई संस्थागत रूप दिने प्रयासमा छौं । हामीले विधान पनि तयार पारिसकेका छौं । यस ठाउँमा बसोबास गर्ने करीब ७५ प्रतिशत मानिसहरू दाउरा बेचेर जीविका चलाउँछन् भने बाँकी २५ प्रतिशत जनसंख्या मात्र व्यापार तथा जागीरमा लागेका छन् ।"

# बालबालिकालाई शान्ति चाहिन्छ

**भरत कुसुवार**

बालबालिकाको विभिन्न आधारभूत अधिकार मध्ये बाँच्न पाउनु पर्ने अधिकार पनि एक हो । गांस, बास, कपास एवं सरक्षण पाउनु, सहभागी हुनु, विकास हुनु वा गर्नु जस्ता अधिकार बालबलिकाको अधिकार हुन् । जुन हरेक बालबालिकाले पाउनु पर्दछ, यो नै बालअधिकार हो । नयां नयां कुरा सिक्ने खेल्ने ठांउमा शान्तिपूर्वक रहन पाउनु पर्दछ ।  बालबालिकाहरूले बत्तिमुनी अध्यारो भने झै अशान्तिले विश्वलाई नै ग्रसित पारेको समयमा शान्तिको पाठ सिकाउने देश नेपाल आज आफै अशान्तिको चपेटामा परेको छ । शान्ति क्षेत्र नेपालको माटो आफ्नै सन्तानका रगतले रंगिएको छ अनि शान्तिको दुत भगवान गौतम बुद्धका उपदेशहरू धमिलिन थालेको छ । अशान्तिले बालबालिकालाई पनि त्यतिकै पिरोलिएको छ । बालबलिका भनेका त देश निर्माणका संवाहक हुन तर आफ्नो बाबु, आमा, दाजु, भाई, दिदी बहिनीको लास चितामा देख्न बाध्य ती निर्दोष बालबालिकाले पछि कुन स्थितिको देश चलाउँछन् ?

बालबालिका भनेका आकाशका तारा हुन जुन पछि गएर चम्कने छन् अनि चेतनाको धाराहरू सम्पूर्ण जनमानसमा छाउने छन् । आज यस्तो आशा गरिएका बालबालिकाहरूलाई बन्दुक र बम चिनाएर रणभूमिमा उतारिएको छ । भविष्यमा उनीहरू कापी र कलम सम्म पनि नचिन्ने मस्तिक लिएर नआउला भन्न सकिन्न । यस्ता दिमागले देश विकास गर्ने अभिप्राय बोक्न सक्दैन र देश अन्धकारमय हुन जान्छ । त्यसैले बालबालिकालाई बम र बन्दुकको पाठ हैन कापी र कलम समाउन लगाएर देशको इतिहास कोर्न सिकाउनु पर्दछ । बालबालिकाको लागि शान्ति पनि अहिले अपरिहार्य बनेको छ । देशको उन्नतिको लागि योगदान दिने बालबालिकालाई स्वभावैले शान्ति क्षेत्रमा हुर्कन दिनुपर्दछ । द्वन्द अनि आपसी मतभेदको असरबाट बालबालिकालाई जोगाउनु पर्दछ साथै पीडितहरूलाई पनि बिना भेदभाव सहयोग र संरक्षण पुऱ्याउनु पर्दछ । देशमा शान्ति स्थापना गर्न नै समस्या समाधानको मूल उपाय हो । त्यसैले देशमा शान्ति छाओस् । देशमा अमनचैन कायम होस् । सबै नेपालीहरूले शान्तिको सास फेरुन र बालबालिकाहरूले पनि शान्तिको आभाष गरुन ।

## सम्पादकीय

# स्वरोजगारको प्रवर्द्धनमा आरआरएनको योगदान

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले देशको पूर्व मेचीदेखि पश्चिम महाकालीका विभिन्न जिल्लाहरूका अति दुर्गम क्षेत्रहरूमा शिक्षा, स्वास्थ्य, स्वशासन तथा जीविकोपार्जनका विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ । देशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गहरू, दलित, जनजाति, महिला तथा बालबालिकाहरू र देशको असहज परिस्थितिबाट प्रभावित जनसमुदायलाई समेटेर विकास निर्माणका कामहरू लिएर यो संस्था अगाडि बढेको छ । जनसमुदायमा विकास हाम्रो लागि हो, यसमा हाम्रो पनि अधिकार र भूमिका रहन्छ भन्ने सचेतना पनि जगाउँदै आएको छ ।

आरआरएनले ग्रामीण क्षेत्रमा भइरहेका स्थानीय प्राकृतिक स्रोतहरूको परिचालन गर्दै उनीहरूमा भएको ज्ञान र सीप विकासलाई ध्यान दिई स्वरोजगारका लागि जनसमुदायलाई उन्मुख गराउने हेतुले कार्यक्रमहरू केन्द्रित गरेको छ । संस्थाले जीविकोपार्जनका अतिरिक्त मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा पनि अग्रगामी कार्यहरू गरिआएको छ । परियोजना कार्यान्वयन गर्दा जिविस, नगरपालिका, नागरिक समाज, स्थानीय समुदायमा आधारितमा संस्थाहरू, तथा जिल्ला स्तरीय एनजिओ आदि सबैसँग सहकार्य गरेर आफ्ना गतिविधिहरू अगाडि बढाउँदै आएको छ । गरिबी निवारणको लागि स्थानीय युवाहरूलाई उनीहरूको सीप विकास गरी स्वरोजगारी तर्फ उन्मुख गराउनको लागि विभिन्न तालिमहरू पनि दिँदै आएको छ, जस्तैः विजुली जडान, व्लम्बीङ्ग, हाउस वायरिङ्ग, मेकानिकल अटोरिपेयर्स, तरकारी खेती, कुखुरापालन, बाखापालन, भैँसीपालन, गाईपालन, बगुंरपालन, भेटनरी औषधोपचार आदि ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)बाट लगातार प्रकाशित पुनर्निर्माण पत्रिकाको २०६१ सालको तेस्रो अंक लिएर हामी तपाईहरूसामु फेरि पनि आएका छौं । यस अंकमा शिवलाल शर्माजीले द्वन्दको कारण बालबालिकाहरूले बेहोर्नु परेको समस्याहरू र समाधानलाई प्रष्ट्याउनु भएको छ । वहाँको भनाई अनुसार वर्तमान समयमा हुने बन्द, हड्ताल, नाकाबन्दी र आन्दोलनका कारण लाखौं विद्यालय जाने बालबालिकाको भविष्य अन्धकार भएको छ भन्ने कुरा यथार्थसिद्ध छ । यतिमात्र होइन हजारौं बाल-बालबालिकाहरू भारत या देशभित्रकै शहरी क्षेत्रमा सस्तो घरेलु नोकरको रूपमा आफ्नो पेट पाल्न बाध्य भएका छन् । यो द्वन्द साँच्चै नै देशको राजनैतिक, सामाजिक, आर्थिक र जनशक्तिको वृद्धि विकासमा तगारो बनेको छ । यसमा देशका शासक वर्गहरूले गम्भिर विवेकपूर्ण विचार गर्नुपर्ने बेला आएको छ । यस्तैगरी भरत कुसुवारले पनि आफ्नो लेखमा आधारभूत बाल( अधिकारको व्याख्या गर्नुभएको छ । देश निर्माणका संवाहक बनेका आजका बालबालिकाहरू द्वन्दको प्रभावले भविष्यमा मनोविकृतिको शिकार भएर देशको विकास नै अन्धकारमय बन्न सक्ने भरतजीको अड्कल सही होइन भन्नै सकिन्न ।

यसै अंकमा अझ भानु पराजुलीजीले नेपाल र राष्ट्रसंघीय मानवअधिकार उच्चायोगबीच मानवअधिकार उल्लंघनका घटनाहरू अनुगमन गर्न उच्चस्तरीय संरचना निर्माण गर्ने सहमतिको बारेमा स्पष्ट पार्नु भएको छ । वहाँले नेपालको विगतदेखि वर्तमान अवस्थालाई प्रष्ट्याउदै विश्वका अन्य देशहरू श्रीलंका, सुडान, साल्भाडोर, इथियोपिया, रुवाण्डा, सियरालिओन आदिमा गृहयुद्धबाट भौतिक संरचनाहरू तहस नहस भई जनताहरूले बेहोर्नु परेको दुःख कष्ट जस्तै हामी नेपालीहरूको पनि यस्तै दुर्दशा हुनै लाग्यो भन्ने आभास गराउनु भएको छ । सांच्चै नै भन्ने हो भने देश भुवरीको चपेटामा पर्ने आट्यो भन्न सकिने अवस्था छ ।

यस्तैगरी अन्य लेखहरूमा आरआरएनको ग्रामीण सामुदायिक पूर्वाधार विकास तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत सिंचाई, सडक, भवन निर्माण र शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रमहरूले ल्याएको परिवर्तनहरूमा उपभोक्ता समूहको प्रतिक्रियाहरू समावेश छन् । यस्को अलावा समूह परिचालनमा ध्यान दिनुपर्ने कुराहरू, खानेपानी तथा सरसफाइ, गिट्टी कुट्नेहरूको आफ्नै पीडा र व्यथा आदि सहित आरआरएनका विभिन्न कार्यक्रमहरूका गतिविधि र अवस्था अध्ययनहरूलाई पाठकहरू समक्ष पुऱ्याउने जमर्को गरेको छु ।

धन्यवाद

**प्रेमकला नेम्बाङ्ग**